श्री Diijon DaCosta, Sr., *समितिका अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
श्रीमती Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

DeKalb County School District

डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*

**तत्काल प्रकाशन गर्न मिल्ने**

शुक्रवार, अगस्त 16, 2024

**सम्पर्क:**

Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

# DCSD ले खेलकुद स्थानहरू तथा थप विद्यालयहरूमा हातहतियार पहिचान प्रणाली विस्तार गरेको छ

*आज रातिदेखि DCSD को घरेलु मैदानका सबै फुटबल खेलहरूमा प्रविधि प्रयोग गरिने*

(STONE MOUNTAIN, GA)— DeKalb County School District (*DCSD*) ले आफ्ना धेरै स्थानहरू र परिसरहरूमा *Evolv Express®* नामक हातहतियार पहिचान प्रणाली विस्तार गरेर विद्यालय वर्ष 2024-25 को सुरक्षा सुधार गरेको छ।

डिस्ट्रिक्ट भित्रका 41 माध्यामिक तथा उच्च विद्यालयहरूमा प्रभावकारी सिद्ध भएको यो उन्नत प्रविधि पाँच फुटबल रङ्गशालाहरू, छ अतिरिक्त उच्च विद्यालय कार्यक्रमहरू र केन्द्रहरू, र Stone Mountain को Robert R. Freeman Administrative & Instructional Complex मा रहेको DCSD को मुख्यालयमा जडान गरिनेछ।

यस सत्रबाट, DCSD को घरेलु मैदानका फुटबल र बास्केटबल खेलहरूमा उपस्थित हुने आगन्तुकहरूले Evolv प्रणालीद्वारा प्रदान गरिएको परिष्कृत सुरक्षा र सुविधा महसुस गर्नेछन्। व्यावसायिक खेलकुद जगत, कन्सर्ट स्थल, विद्यालय र अन्य सार्वजनिक स्थानहरूमा व्यापक रूपमा प्रयोग गरिएको, यो अत्याधुनिक प्रविधिले सही र द्रुत गतिमा खतराको सङ्केत पत्ता लगाउन शक्तिशाली सेन्सर प्रविधि, कृत्रिम बुद्धिमत्ता, र विस्तृत स्थलगत विश्लेषणहरू प्रयोग गर्दछ।

"मानिसहरूलाई EVOLV नामक हातहतियार पहिचान प्रणालीको बारेमा सबैभन्दा मनपर्ने कुरा भनेको यसले व्यक्तिहरूलाई नरोकी, गोजी वा झोला जाँच नगराइ, वा लामो लाइनमा नबसी अगाडी बढ्न दिन्छ," DCSD का प्रहरी प्रमुख Tracey Whaley ले भन्नुभयो। "हामीसँग वास्तविक समयमा सबै स्टेसनहरूको निगरानी गरिरहेका र द्रुत गतिमा सम्भावित खतरा वा समस्या पहिचान गर्न सक्ने विशेष तालिम प्राप्त सुरक्षा कर्मचारीहरू भएकोले हामी यसो गर्न सक्षम छौं।"

Chief Whaley ले DCSD का खेलकुद कार्यक्रमका सबै सहभागीहरूलाई DCSD ले Clear Bag Policy (पारदर्शी झोला नीति) लाई थप सुदृढ गर्दै जानेछ भनेर पनि स्मरण गराउनुभयो।

Evolv Express® को विस्तार DCSD को नम्बर एक उद्देश्य कायम राख्ने DCSD को निरन्तर प्रतिबद्धताको अंश हो: सबै विद्यार्थी, कर्मचारी, परिवार र आगन्तुकहरूका लागि सुरक्षित वातावरण सिर्जना र कायम गर्ने उद्देश्य।

XXX